फिदिम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

# फिदिम पाँचथर

**औषधि तथा औषधिजन्य मालसामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

सिलबन्दी दरभाउपत्र नं.-१३ / समिति ठेक्काको सुचना नं.-१३

प्रथम पटक प्रकाशित मिति :-२०७६/०१/२९

यस अस्पताललाई आ.व. ०७५/०७६ को लागि आवश्यक पर्ने औषधि तथा औषधिजन्य मालसामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माता/ कम्पनी /फर्म वा सप्लायर्सहरुबाट देहायका शर्तहरुका अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन आव्हान गरिन्छ ।

**शर्तहरु:-**

(०१)यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन सम्ममा दरभाउपत्र फाराम यस फिदिम नगरपालिकाको स्टोर शाखाबाट रु १०००।-(फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ ।

(०२) दरभाउपत्र खरिद गर्दा आधिकारिक निवेदन साथ निम्न कागजात संलग्न हुनु पर्नेछ ।

(क) औषधि व्यवस्था बिभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपी ।

(ख) मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

(ग) आ.व.०७४/०७५ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

(घ) प्रोप्राइटर स्वयम् उपस्थित हुन नसकेमा निजको आधिकारिक मञ्जुरीनामा ।

(०३) खरिद गरिएका दरभाउपत्र १६ औं दिनको १२ :०० बजे सम्ममा यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

(०४)रितपुर्वक पेश भएका सिलबन्दी दरभाउपत्रहरु यो सुचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको २ :०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

(०५)रीत नपुगेको र म्याद नाघि आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कार्यबाही गरिने छैन ।

(०६) दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा उक्त कार्य सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

(०७) दरभाउपत्रदाताले धरौटी वापत मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिनको मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ ।

(०८)दरभाउपत्र पेश गर्दा रकम अङ्क र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा दररेट महलको अक्षर लाई मान्यता दिईनेछ ।

(०९) पेश भएका सिलबन्दी दरभाउपत्र आशिंक रुपमा, आइटमवाइज रुपमा,पुर्णरुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

(१०)खरिद गरिने औषधि तथा औषधिजन्य सामानको प्रयोग गर्ने अवधि फिदिम नगरपालकिाको कार्यालय पाँचथरको भण्डारमा दाखिला हुँदाको बखतमा २ बर्ष भन्दा बढी shelf life हुनेको हकमा बांकि shelf life कम्तिमा ५/६ हुनुपर्नेछ २ बर्षसम्म shelf life हुनेको हकमा बाकि shelf life कम्तिमा १८ महिना हुनु पर्नेछ साथै १८ महिना वा सो भन्दा कम shelf life हुने औषधिको हकमा कम्तिमा पनि shelf life ८० प्रतिशत बाँकी रहेको हुनु पर्नेछ ।

(११)दरभाउपत्र दाताले आफुले दिन चाहेको औषधि तथा औषधिजन्य सामानको उत्पादक कम्पनीको नाम र उत्पादन भएको मुलुकको नाम प्रष्टसँग उल्लेख गर्नु पर्नेछ ।

(१२)दरभाउपत्रदाताले सप्लाई गर्ने औषधि **WHO GMP** मान्यता प्राप्त कम्पनीको उत्पादन हुनु पर्नेछ ।

(१३)दरभाउपत्रमा उल्लेखित औषधि तथा औषधिजन्य मालसामानको परिमाण कार्यालयले आवश्यकता अनुसार थपघट गर्न सक्नेछ ,थपघट भएता पनि दरभाउपत्रदाताले कवोल गरेको दररेटमा परिवर्तन गर्न पाउने छैन ।

(१४)दरभाउपत्रदाताले सप्लाई गर्ने औषधि तथा औषधिजन्य सामानहरु संलग्न स्पेसिफिकेशन फाराम अनुसारको हुनु पर्नेछ ।

(१५)दरभाउपत्रदाताले दरभाउपत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको

विनोद कुमार दाहाल

प्रमुख प्रशासकीय अधिकृत

फिदिम, पाँचथर
१ नं. प्रदेश, नेपाल
२०७३

छाप लगाएको दरभाउपत्र फाराम खरिद गर्नु पर्नेछ र सोही फारामको प्रत्येक पानामा दरभाउपत्रदाताले फर्म वा कम्पनीको छाप र दस्तखत गरी पेश गर्नु पर्नेछ ।

(१६)एउटा फर्म वा कम्पनीले खरिद गरेको दरभाउपत्र फाराम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन यदि सो अनुसार भएको पाइएमा निजको दरभाउपत्र अमान्य हुनेछ ।

(१७)आफूले सप्लाई गर्ने प्रत्येक औषधि,औषधि व्यवस्था बिभागमा दर्ता भएको हुनु पर्नेछ । औषधिको प्याकिङ(स्ट्रीप,बोटल) बाहिर औषधिको जेनेरिक नाम,शक्ति,उत्पादन मिति,एक्सपायरी मिति,ब्याच नं.,उत्पादक कम्पनीको नाम स्पष्ट सँग उल्लेख भएको हुनु पर्ने छ ।

(१८)सप्लाई हुने सबै झोल तथा पाउडर औषधिहरु प्लाष्टिक बोटलमा प्याकिङ्ग भएको हुनु पर्नेछ ।

(१९)दरभाउपत्रसाथ पेश गर्ने कागजातको प्रतिलिपिहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनु पर्नेछ ।

(२०)यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४(संशोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ । अन्य आवश्यक कुराहरु बुझ्नु परेमा यस कार्यालयको टेलिफोन नं.०२४-५२०१०७ मा कार्यालय समय भित्र टेलिफोन गरी वा कार्यालयमा कार्यालय समय भित्र उपस्थित भई बुझ्न सकिने छ ।

............................
विनोद कुमार दाहाल
प्रमुख प्रशासकीय अधिकृत
फोन नं. : ०२४–५२०१०७

विनोद कुमार दाहाल
प्रमुख प्रशासकीय अधिकृत